धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: २०७५/०५ मितिः २०७५/१२/२७

**भाग-१**

**धवलागिरी गाउँपालिकाको**

**विनियोजन (पहिलो संसोधन) ऐन, २०७५**

गाउँसभाबाट मितिः२०७५/१०/१३

प्रमाणित मितिः २०७५।१०।१६

**प्रस्तावनाः** धवलागिरी गाउँपालिकाको विनियोजन ऐन, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, धवलागिरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ** :(१) यो ऐनको नाम धवलागिरी गाउँपालिकाको विनियोजन ( पहिलो संशोधन ) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन धवलागिरी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **धवलागिरी गाउँपालिकाको विनियोजन ऐन, २०७५ को दफा २ मा संशोधन :**

धवलागिरी गाउँपालिकाको विनियोजन ऐन, २०७५ ( यस पछी मूल ऐन भनिएको ) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ ।

"२. आर्थिक बर्ष २०७५/०७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :

आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च र पुँजीगत खर्च गरी जम्मा रु. ३४,१४,९९,५७६।१४( अक्षरुपी रु. चौतिस करोड चौध लाख उनान्सय हजार पाँच सय छहत्तर पैसा चौध मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।'

**३. मूल ऐनको अनुसूची १ मा संशोधन :**

मूल ऐनको अनुसूची १ को सट्टा देहाय बमोजिमको अनुसूची १ राखिएको छ ।

अनुसूची १

( दफा २ सँग सम्बन्धित )

नेपालको संविधानको धारा २२९(२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क.स. | शिर्षकको नाम | चालू खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँकार्यपालिका | १३०५८०९२७।१४ | ११२४१८६४९ | २४२९९९५७६।१४ |
| २ | विषयगत शाखा सशर्त | ९८५००००० | ० | ९८५००००० |
| | जम्मा | २२९०८०९२७।१४ | ११२४१८६४९ | ३४१४९९५७६।१४ |

आज्ञाले,

**अर्जुन शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**